प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा/प्रमाणपत्र तहको सेमेष्टर परीक्षा प्रणालीको नियमित/आंशिक परीक्षा आवेदन फाराम भर्ने बारेको**

**अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७६।१०।१९)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेण्ट, सोसियल वर्क्स तथा इन्टरप्रेनरशिप डेभलपमेण्ट कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड, दोस्रो बर्ष प्रथम खण्ड र तेस्रो बर्ष प्रथम खण्ड नियमित र आंशिक परीक्षा २०७६ फागुन/चैत्र महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि २०७६ फागुन ४ गते आईतवार भित्र नियमित शुल्क र २०७६ फागुन ११ गते आईतवार भित्र बिलम्ब शुल्कको म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।***

**शर्तहरुः**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ।

२. सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २,०००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ। परिषद्का आंगिक, साझेदारी र सरकारी/सामुदायिक बिद्यालयको हकमा नियमित परीक्षा शुल्क रु. ५००। मात्र लाग्नेछ। **साथै नियमित शुल्कको समय भित्र Web Based Online System मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी बैक भौचर बुझाउनु पर्नेछ** र मिति २०७६।११।१३ भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत (निःशुल्क) छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७१/७२ (ई. सं. २०१४) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन।

८. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ।

९. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको २०७४ देखि Online आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ।

१०. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई.सं. २०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षा आवेदन फारामसाथ www.ctevt.org.np मा उपलव्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0) मा अनिवार्य रुपमा बुझाउनुपर्नेछ।

११. सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ। Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिबर्तन हुने छैन।

१२. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ।

१३. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन्। आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ।

१४. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

१५. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलव्ध हुनेछ र परीक्षा आबेदन फाराम तथा प्रवेश पत्र सेतो कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ।

१६. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलव्ध हुनेछ। परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र पंहेलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ।

१७. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई. सं. २०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ। आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ।

१८. प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा.बा.बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०००१२७८०१ मा,
प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा.बा.बैङ्क, जनकपुर शाखाको च. हि. नं. १५२०००२६९०१ मा,
बागमती प्रदेशको कार्यालय मकवानपुर, हेटौंडाको रा.बा.बैङ्क, हेटौंडा शाखाको च. हि. नं. १३००००३६६९०१ मा,
गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा.बा.बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००००००२३४०१ मा,
प्रदेश नं ५ को कार्यालय बुटवल, रुपंदेहीको रा.बा.बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६००००३६१०१ मा
कर्णाली प्रदेशको कार्यालय बीरेन्द्रनगर, सुर्खेतको रा.बा.बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८००१५५२८०१ मा
सुदुर पश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा.बा.बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०००६५०८०१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ।

१९. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई.सं.२०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा Symbol No. परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ र Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ। अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको फोन नं ०१-५६३९०२०/२१ मा वा परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्पर्क राख्नुहोला।**

**परीक्षा नियन्त्रक**